नेपाल सरकार
अर्थ मन्त्रालय
भन्सार विभाग

# मुस्ताङ भन्सार कार्यालय

नेचुङ, मुस्ताङ

फोन नं.: ०६९-४४०३८८

## भन्सार नियमावली, २०८३ को नियम ८५ को उपनियम (२) बमोजिम वस्तुहरुको लिलाम बिक्री सम्बन्धी १५ दिने सूचना

(पहिलोपटक सूचना प्रकाशन मितिः२०८३/०४/१३)

चोरी पैठारीको अभियोगमा कब्जामा लिई प्रतिवेदनसाथ यस कार्यालयमा दाखिला भई जफत भएका तपसिलमा उल्लेख भए बमोजिमका वस्तुहरुको भन्सार नियमावली, २०८३ को नियम ८५ को उपनियम (२) बमोजिम जे जस्तो अवस्थामा छन सोहि अवस्थामा गोप्य सिलबन्दी दरभाउपत्रको माध्यमद्वारा लिलाम बिक्री गर्नुपर्ने भएकोले इच्छुक फर्म, कम्पनी वा संस्थालाई यो सूचना प्रकाशन भएको मितिले १५ (पन्ध्र) दिनभित्र निम्न शर्तमा गोप्य सिलबन्दी दरभाउपत्र आव्हान गरिएको छ। दरभाउपत्र फाराम जोमसोम स्थित यस कार्यालयबाट खरिद गर्न सकिनेछ। थप विवरण बुझ्नुपर्ने भएमा मुस्ताङ भन्सार कार्यालयमा सम्पर्क राख्न सकिने र यस कार्यालयको वेभसाइट mustang.customs.gov.np तथा भन्सार विभागको वेभसाइट customs.gov.np मा समेत हेर्न सकिनेछ।

**तपसिल**

| क्र.सं. | मुद्दा नं र दर्ता मिति | वस्तुको विवरण | इकाई | परिमाण | न्यूनतम मूल्य रु. | दरभाउपत्र फाराम दस्तुर रु. |
|---|---|---|---|---|---|---|
| १ | ९/२०८३/०३/३१ | Adidas Brand को जुत्ता | जोर | ८० | ४,३५,८०० | १,००० |
| | | Vuttion Brand को जुत्ता | जोर | २० | | |
| | | Gucci Brand को जुत्ता | जोर | १५ | | |
| | | Nike Mind Brand को चप्पल | जोर | २२ | | |
| | | Nike Brand को जुत्ता | जोर | ५४ | | |
| | | विभिन्न कलरको टि-सर्ट | थान | ७८ | | |
| | | निलो कलरको जिन्स पाइन्ट | थान | ९५ | | |
| | | खैरो कलरको पाइन्ट | थान | ४१५ | | |

**शर्तहरु**

१) दरभाउपत्रको सूचना प्रकाशित भएको मितिले १५ दिनभित्र जोमसोम स्थित नेपाल बैंक लि. शाखामा राजस्व शीर्षक नं.१४२२९, कार्यालय कोड नं.३०५०३४१०१ र खाता नं.००१०१००००००००१००१००१ मा तोकिएको दस्तुर दाखिला गरी (पछि फिर्ता नहुने गरी) यस कार्यालयबाट दरभाउपत्र फाराम खरिद गर्न सकिनेछ। दरभाउपत्र फाराम खरिद गर्दा फर्म/कम्पनी/संस्थाले स्थायी लेखा नम्बर दर्ता प्रमाणपत्रको प्रतिलिपि र आ.व. २०८१/०८२ को कर चुक्ता प्रमाणपत्रको प्रतिलिपि पेश गर्नुपर्नेछ।

२) आफूले कबोल गरेको अङ्कको दश प्रतिशतले हुने रकम जोमसोम स्थित नेपाल बैंक लिमिटेडको शाखामा रहेको KA 2..3-KO LE NI KA MUSTANG DHARAUTI नामको खाता नं. ०६८०१०००००२००३००००००१, कार्यालय कोड नं.३०५०३४१०१ मा जम्मा गरी सोको सक्कल भौचर सिलबन्दी फारामसाथ पेश गर्नुपर्नेछ।

नेपाल सरकार
अर्थ मन्त्रालय
भन्सार विभाग

# मुस्ताङ भन्सार कार्यालय

## नेचुङ, मुस्ताङ

फोन नं.: ०६९-४४०३८८

३) कार्यालयबाट दरभाउपत्र फाराम जसको नाममा खरिद भएको हो सोही फर्म, कम्पनी वा संस्थाले मात्र पेश गर्न पाउनेछ। अन्य फर्म, कम्पनी वा संस्थाले पेश गरेमा दरभाउपत्र फाराम रद्द हुनेछ।

४) दरभाउपत्र फाराममा आफूले कबोल गरेको रकम अङ्क र अक्षरमा स्पष्टसँग उल्लेख गर्नुपर्नेछ। सच्याइएको वा केरमेट गरेको ठाउँमा आधिकारिक व्यक्तिको दस्तखत हुनुपर्नेछ। साथै अङ्क अक्षरमा फरक परेमा अक्षरमा लेखिएकोलाई मान्यता दिइनेछ।

५) दरभाउपत्र सोह्रौं दिनको १२:०० बजेभित्र यस कार्यालयमा दर्ता गरिसक्नु पर्नेछ। दरभाउपत्र दर्ता गर्दा सिलबन्दी खाम वाहिर लिलाम सम्बन्धी प्रकाशित सूचनामा उल्लिखित सि.नं. तथा मुद्दा नं. अनिवार्य रुपमा उल्लेख गर्नुपर्नेछ। सोह्रौ दिनको दिउसो १२:०० बजेभित्र दर्ता हुन आएका दरभाउपत्रहरु सोहि दिन दिउसो १:०० बजे (सो दिन सार्वजनिक विदा परेमा लगत्तै कार्यालय खुलेको दिन सोहि समयमा) दरभाउपत्रदाताहरु वा निजको प्रतिनिधीहरुको रोहवरमा जोमसोम स्थित मुस्ताङ भन्सार कर्यालयमा खोलिने छ। दरभाउपत्रदाता वा निजको प्रतिनिधीहरु उपस्थित नभएमा सिलबन्दी दरभाउपत्र खोल्न बाधा पर्ने छैन।

६) दरभाउपत्रमा सम्बन्धित फर्म, कम्पनी वा संस्थाको आधिकारिक व्यक्तिले आफ्नो पुरा नाम थर लेखि सही छाप गरेको हुनुपर्नेछ।

७) इच्छुक फर्म/कम्पनि/संस्थाले वस्तु हेर्न चाहेमा सूचना प्रकाशित भएको पन्ध्र दिनभित्र कार्यालय समयभित्र जोमसोम स्थित मुस्ताङ भन्सार कार्यालयमा सम्पर्क गरी हेर्न सकिनेछ।

८) तुलनात्मक विवरण वा मुचुल्काको आधारमा रीत पुगेको मध्ये सबैभन्दा बढी रकम कबोल गर्ने फर्म/कम्पनी/संस्थाको कबोल अङ्क स्वीकृत गरिनेछ।

९) कबोल अङ्क स्वीकृत गर्दा रीतपूर्वक भएको र सबैभन्दा बढी अङ्क कबोल गर्ने फर्म/कम्पनी/संस्था एकभन्दा बढी भएमा सबैभन्दा बढी अङ्क कबोल गर्नेको कबोल अङ्क स्वीकृत गरिनेछ।

१०) कबोल गरेको रकम समान भएमा उक्त फर्म/कम्पनी/संस्थावीच गोलाप्रथाद्वारा निर्णय गरिनेछ।

११) कबोल अङ्क स्वीकृत भएको जानकारी यस कार्यालयको सूचनापाटीमा सूचना टाँस गरी गरिनेछ। लिलाम सकार गर्ने फर्म, कम्पनी वा संस्थाले स्वीकृत भएको मितिबाट ७ दिनभित्र कबोल गरेको रकममा प्रचलित कानून बमोजिम लाग्ने मू. अ. कर बुझाइ वस्तु उठाई लैजानुपर्नेछ।

१२) कबोल अङ्क स्वीकृत भएको फर्म/कम्पनी/संस्थाले तोकिएको म्यादभित्र वस्तु उठाई नलगेमा निजले राखेको धरौटी रकम जफत गरी न्यूनतम मूल्य भन्दा बढी कबोल गर्ने र रीतपूर्वक भएको क्रमशः दोस्रो, तेस्रो वा चौथो घटीवालाको कबोल अङ्क स्वीकृत गरिनेछ।

१३) कुनै शर्त राखी पेश भएको दरभाउपत्र मान्य हुने छैन।

१४) यस सूचनामा उल्लेख भए वाहेक अन्य कुराहरु प्रचलित कानून बमोजिम हुनेछ।